जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
*इमेल* : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८९ पृष्ठः ४ | २०८२ मंसिर ०१ सोमबार (Monday 17 Nov. 2025) | मूल्य रु. ५।- | *इमेल* : mgnd2070@gmail.com

# कमला पुल निर्माणमा लापरबाही : अर्कै पुलको डीपीआर नक्कल, मापदण्ड नपुग्ने पिलर

हुलाकी राजमार्गमै पर्ने सिरहा र सप्तरी जोड्ने बलान खोला पुलको डीपीआर नक्कल गरी कमला पुल निर्माणमा प्रयोग गरिएको अख्तियार दुरुपयोग अनुसन्धानले पत्ता लगाएको छ।

**शैलेन्द्र महतो**

जनकपुरधाम, ३० कार्तिक। सिरहा र धनुषा जोड्ने कमला नदीमा पुल सञ्चालन नहुँदा सिरहा नगरपालिका-७ का व्यवसायी राधे यादवले वर्षौंदेखि सास्ती खेपिरहेका छन्। कहिले बाँसको पुलबाट त कहिले डुंगाबाट मोटरसाइकल तारेर, अनि कहिले भत्किएकै पुलबाट जोखिमपूर्ण यात्रा गर्नु सिरहा बजार र जनकपुरधामा व्यापार-व्यवसाय गरिरहेका राधेको नियति नै बनेको छ। 'सिरहा र जनकपुर ओहोरदोहोर गर्नु मेरो दिनचर्या हो। १५ वर्षदेखि पुलको नाममा काम भइरहेको छ, तर हाम्रो दुःख टरेको छैन,' उनी पीडा पोख्छन्, 'यहाँका नेता र इन्जिनियर बेकामे भए।'







राधेकै जस्तो नियति भोगिरहेका छन् सिरहा नगरपालिका-७ अरेरवाका ७२ वर्षीय दुःखी यादव। सिरहामा घर रहेका दुःखीको खेत धनुषा सतकमला किनारमा छ। त्यही खेतको उब्जाउले उनको परिवार चल्छ। पुल सिलान्यासको दिन सहभागी भएका उनले केही वर्षमै पुल बनेर दुःखको दिन अन्त्य हुने आशा गरेका थिए। तर अब पुलबाट यात्रा गर्ने उनको आशा मरिसकेको छ। 'सिलान्यासको दिन धेरै खुसी थिएँ। लाग्थ्यो, अब केही वर्षमै पुल बन्छ र हाम्रो दुःखको दिन सकिन्छ। तर अन्तिम समयमा पुल भत्कियो। अब त यो पुल सञ्चालन हुने र नयाँ पुल देख्ने मेरो भाग्यमा छैन,' उनी भन्छन्।

एक दशक लगाएर बनेको कमला नदीको पुल निर्माणको अन्तिम चरणमा १७ असार २०७८ को बाढीले भासिन पुग्यो। मधेशको लाइफलाइन मानिने हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमा पुल नबन्दा राधे र दुःखी जस्तै दैनिक हजारौं नागरिक कष्टकर यात्रा गर्न बाध्य छन्। यहाँ पुल नहुँदा पूर्वपश्चिम राजमार्गबाट तेब्बर दुरी यात्रा गरी जनकपुरबाट सिरहा र सिरहाबाट जनकपुर आउनुपर्ने अवस्था छ।

भासिएको पुल चार वर्षदेखि मर्मत गर्ने काम भइरहे पनि कहिले पूरा हुने टुंगो छैन। यो भत्केको पुल देशका उच्च ओहदाका नेताहरूका लागि अवलोकन गर्ने, तस्वीर खिचाउने र सस्तो लोकप्रियता बटुल्ने तमासास्थल बनेको छ। ३१ जेठ २०६८ सालमा सम्झौता भएको यो पुल डिजाइन एन्ड बोल्ड मोडालिटीमा पप्पु-

**-बाँकी तीन पेजमा**

# धनुषामा सर्प महोत्सव सुरु

**विजयकुमार साह**

ढल्केबर, ३० कार्तिक। धनुषाको मिथिला बिहारी नगरपालिका-२, जनमुक्ति चोकस्थित कल्चर भिलेजमा तेस्रो संस्करणको सर्प महोत्सव सुरु भएको छ। मिथिला वाइल्ड लाइफ ट्रष्ट र सेभ द लाइभ्सको संयुक्त आयोजनामा सर्प महोत्स आयोजना गरिएको हो। सर्पको महत्व बुझौं, सहअस्तित्वलाई सम्मान गरौं, संरक्षणमार्फत भविष्य सुरक्षित गरौं भन्ने मूल नारा दिएर सुरु भएको महोत्सव कार्तिक ३० र मङ्सिर १ गतेसम्म रहने आयोजना संस्थाले जानकारी दिएको छ।

आयोजक संस्थाका अध्यक्ष देवनारायण मण्डलले सर्पको महत्वबारे नागरिकमा चेतना फैलाउन महोत्सको आयोजना गरिएको बताउनुभयो। महोत्सवले सर्प र पर्यावरण तथा वातावरणबीचको सम्बन्ध, जैविक विविधता संरक्षणमा सर्पको भूमिका, सर्प र मानवबीच द्वन्द्व न्यनीकरण, सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक तथा सांस्कृतिक महत्व उजागर गर्ने उहाँले

**-बाँकी दुई पेजमा**

# कमला र सहजा नदीमा पुल नबनाएको भन्दै सिरहामा सरकारविरूद्ध मलामी जुलुस

सिरहा, ३० कार्तिक। मधेशको लाइफलाइन मानिने हुलाकी सडकअन्तर्गत कमला र सहजा नदीमा पुल नबनाएको भन्दै सिरहामा स्थानीयले सरकारविरूद्ध मलामी जुलुस निकालेका छन्। हुलाकी सडक संघर्ष समितिले आइतबार सिरहा सदरमुकाममा मलानी जुलुस निकालेको हो। कमला र सहजाको पुल नबन्दा स्थानीयले वर्षौंदेखि चरम सास्ती भोग्दै आएको भए पनि सरकार यसप्रति संवेदनशील र जिम्मेवार



नदेखिएको उनीहरूको आरोप छ। हामीलाई सरकार बाँचेकै छ जस्तो लाग्न छाड्यो, त्यसैले सरकारको मलामी जुलुस निकालेका हौं, संघर्ष समितिका

**-बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## चिसो मौसममा सुरक्षित रहौं।

**चिसो मौसममा:**

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, स्वस्थ रहौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## वैकल्पिकसम्म पनि बनेनन् पोखरा र भैरहवा विमानस्थल !

काठमाडौंमा ओर्लन लामो समय पर्खनुपर्ने अवस्थामा अन्तर्राष्ट्रिय उडानका हवाई जहाजहरू प्रायः भारतका विमानस्थलतर्फ सोभिने गरेका छन्। ठूला जहाजहरू ओर्लन मिल्ने अरू २ वटा विमानस्थल नेपालभित्रै हुँदाहुँदै पनि विमानहरू ओराल्न भने किन भारतकै विमानस्थलहरू रोज्ने गरिन्छ भन्ने प्रश्नको स्पष्ट उत्तर आवश्यक छ। यात्रुको सुरक्षासमेतका कारण उडान तथा अवतरणसम्बन्धमा धेरै निर्णय विमान चालकहरूले नै गर्छन्। यसमा सामान्यतः अरूले हस्तक्षेप गर्दैनन्। विमान स्थल र बाहिरको पनि सुविधाका कारण चालकहरूले वैकल्पिक विमानस्थल रोजेको हुनुपर्छ। जानिफकारहरूका अनुसार काठमाडौंको विकल्पमा पोखरा र भैरहवा विमानस्थल प्रयोग गर्न प्राविधिकरूपमा समस्या हुँदैन।

काठमाडौंको विकल्पमा छानिने गरेका वैकल्पिक विमानस्थलहरू भैरहवा वा पोखराका तुलनामा अपेक्षाकृत टाढा छन्। अर्थात्, पोखरा वा भैरहवा ओर्लनभन्दा विकल्पमा अरू विमानस्थल प्रयोग गर्दा समय र इन्धन बढी खर्च हुन्छ। तैपनि, हवाईजहाज कम्पनीहरूले बाहिरको विमानस्थललाई नै काठमाडौंको विकल्पमा छान्ने गरेका छन्। यसैले नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित विमानस्थल व्यवस्थापनकै कमजोरीका कारण पोखरा र भैरहवालाई चालकहरूको वैकल्पिक रोजाइको विमानस्थल बनाउन असफल रहेको हुनुपर्छ। सुविधा र सुरक्षा पर्याप्त हुने हो भने पक्कै पनि भैरहवा र पोखरा कम्तीमा काठमाडौंको वैकल्पिक विमानस्थल बन्थे होलान्।

यसै पनि अहिले दुवै विमानस्थल 'सेतो हात्ती' साबित भएका छन्। प्रयोगका आधारमा त यी दुवै विमानस्थल निर्माणको औचित्य सिद्ध हुनसक्तैन। यद्यपि, पोखरा र लुम्बिनीजस्ता विश्वविख्यात पर्यटन स्थलहरू निकटमा अन्तर्राष्ट्रिय विमानस्थलमा काठमाडौंका तुलनामा बढी विमान उडान र अवतरण हुनुपर्ने हो। बेलाबखत सरकारी अधिकारीहरूले यी दुवै विमानस्थललाई अन्तर्राष्ट्रिय उडानको रोजाइको विमानस्थल बनाउने 'गफ' दिनेगरे पनि योजनाबद्धरूपमा प्रयास भएको भने देखिएको छैन। अरू त अरू भैरहवाबाट उडान गर्दै आएका विमानहरूले पनि काठमाडौंको विकल्पमा भैरहवा वा पोखरालाई रोज्नेगरेको पाइँदैन।

सामान्यतः चालक दलले जहाज वैकल्पिक विमानस्थलमा ओराल्नुपर्ने अवस्थामा आवश्यक इन्धन, खानेकुराको सुविधा, प्राविधिक सहयोग, ग्राउन्ड ह्यान्डलिङ, आपत्कालीन उपकरणजस्ता अत्यावश्यक सेवाको अवस्था हेरेर कहाँ जाने हो भन्ने तय गर्छन्। यसैले नेपालको सरकारी निकायले आदेश दिएर जहाज ओराल्न लगाउन सक्तैन। भैरहवामा अन्तर्राष्ट्रिय उडान आकर्षित गर्न सरकारले विसं २०८३ भदौ मसान्तसम्म यात्रु सेवा शुल्क, पार्किङ, ल्यान्डिङ र न्याभिगेसन सेवा शुल्क पूरै छुट दिएको छ भने ग्राउन्ड ह्यान्डलिङ सेवामा पनि ७५ प्रतिशतसम्म छुट दिएको छ। विडम्बना, तैपनि यी विमानस्थलहरू वैकल्पिकसम्म समेत बन्नसकेका छैनन्।

यसले पनि देखाउँछ महसुल छुटले मात्र अन्तर्राष्ट्रिय विमान कम्पनी हरू आकर्षित हुनेरहेनछन्। सम्भवतः विमानस्थलको प्राविधिक पक्ष सुदृढ नभएसम्म महसुलमा जति नै छुट दिए पनि प्रभावकारी हुनसक्दैन। भैरहवा र पोखरालाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा स्थापित गराउन प्रविधि, नियमन, सुविधा तथा यात्रु व्यवस्थापनलगायतमा भरपर्दो सुधार नभए अभै 'सेतोहात्ती'को संज्ञाबाट यी विमानस्थल मुक्त हुनेछैनन्। यसैले सरकारले यस विषयमा गम्भीर अध्ययन गराउने र आवश्यक सुविधा र क्षमता विस्तारमा ध्यान दिनु जरुरी देखिन्छ। अन्तर्राष्ट्रिय विमानस्थलजस्ता बनिसकेको भौतिक संरचनाको अधिकतम उपभयोग नै बुद्धिमानी हुनेछ।

### धनुषामा सर्प ...

जानकारी दिनुभयो। उहाँले भन्नुभयो, 'सर्पलाई अभै पनि अन्धविश्वास र डरको प्रतीकका रूपमा हेरिने हुँदा सर्प संरक्षण चुनौती बनेको छ। सर्प केवल डस्ने जीव होइन यो वातावरण सन्तुलन राख्ने अभिन्न अङ्ग हो।' त्यस्तै, सर्प संरक्षणसम्बन्धी चित्र प्रदर्शनी, जीवित सर्प प्रदर्शनीमा राखिएको अध्यक्ष मण्डलले जानकारी दिनुभयो।

### कमला र सहजा ...

संयोजक रामरिझन यादवले भन्नुभयो। मलामी जुलुसका क्रममा प्रदर्शनकारी र आन्दोलनकारीबीच नोकभोकसमेत परेको थियो। आफूहरूको आवाजलाई सरकारले यस्तै गरट्ट बेवास्ता गरिरहे चरणबद्ध निर्णायक संघर्षमा जान बाध्य हुने चेतावनी यादवले दिनुभयो।

# राजनीतिले छाया पारिरहेका सामाजिक मुद्दा

**नारायणी देवकोटा**

चिसिँदै गएको काठमाडौंमा अहिले राजनीतिक सरगर्मी बढिरहेको छ। दशकौंदेखि राजनीतिको नाममा कहिले कुन पार्टी, कहिले कुन समूह वा व्यक्तिलाई गाली गरेर अपमानित गर्ने तर, समाजमा भइरहेका समस्याहरूलाई समाधानमा नपुऱ्याउने व्यक्ति र पार्टीदेखि आफ्नो पेसा व्यवसाय गरेर समाजमा नाम आर्जन गरेका धेरै परिचित अनुहारहरू पार्टी बनाउने, पार्टी निर्माणका लागि नियमित छलफल र दल दर्ता गर्ने क्रियाकलापमा व्यस्त छन्।

पछिल्ला केही दिन काठमाडौंको राजनीतिमा निकै रमाइलो ( रमाइलाभन्दा पनि विद्रुप घटनाहरू भन्दा राम्रो होला) भएको छ, जसमा देखि अघिल्लो कुनै व्यक्ति वा पार्टीलाई गाली (आलोचना भन्दा तल्लो स्तरको) गरेको व्यक्ति भोलिपल्ट उक्त गाली पाउने व्यक्ति वा पार्टीले आयोजना गरेको कार्यक्रममा मुठ्ठी उठाएर अब परिवर्तन गरिछाड्ने भाषण गरिरहेका दृश्य सामान्य बनिरहेका छन्।

कलेज पढ्न सुरु गर्नुभन्दा अगाडिदेखि राजनीतिमा लागेका व्यक्ति सरकारले तोकेको वृद्ध भत्ता पाउने उमेर काटिसक्दा पनि आफ्नोबाहेक अर्को व्यक्तिले देशको परिस्थितिलाई सम्हाल्न नसक्ला भन्ने पिर देखाउँदै संगठित भइरहेका छन्।

सार्वजनिक सञ्चारमाध्यममा उनीहरूले व्यक्ति वा पार्टीका समाचार, अन्तर्वार्ता र छलफलमा आफ्नो धेरै समय लगाइरहेका छन्। लाग्छ, देशमा राजनीतिबाहेक गरिहाल्नका लागि अर्को कामै छैन। यो लेखमा राजनीतिलाई 'सबै कुरा राजनीति हो' भन्ने सवालमा जोडिएको छैन, पार्टी, सत्ता र निर्वाचनमा केन्द्रित क्रियाकलापलाई मात्रै राजनीति भनिएको हो। देश नै रहने वा नरहने भन्ने अवस्थामा राजनीतिबाट नै समाधान खोज्नुपर्छ भन्ने सवाल पनि आफ्नो ठाउँमा ठीकै होला।

तर, सम्पूर्ण समाजको ध्यान राजनीतिमा होमिदा समाजका अरु सवालहरू पनि छन्, जो आमचासोबाट छुटिरहेका छन् वा छायामा परिरहेका छन्। ती छुटिरहेका सवालका बारेमा पनि सार्वजनिक छलफल गरिन जरुरी छ। यो लेख तिनै केही सवालमा केन्द्रत छ। ती सवालमा राजनीति त जोडिएर आउँछन्, तर के राजनीतिले मात्रै समाधान गर्न सक्छ ? कि सक्दैन ? भन्ने सवाल भनरु जोडिएर आउँछ।

**जनजीविकाको सवाल**

नेपाल सरकारले तोकेको आधारभूत पारिश्रमिकले वर्तमान नेपालमा काम गरेर खाने मानिसको दैनिक आधारभूत आवश्यकता पूरा गर्न सकिन्न। त्यहीमाथि काम नै नपाउने र पाएको काममा पनि सरकारले तोकेको आधारभूत पारिश्रमिक पनि नपाउने सीपयुक्त र सीपविहीन (स्किल र ननस्किल) दुवै समूहको ठूलो हिस्सा छ।

श्रम अदालतमा उजुरी गर्दा उल्टै काम गुमाउनुपर्ने र अर्को काम पनि नपाउने त्रासमा मानिसहरू आधारभूत पारिश्रमिक पनि नपाएर काम गर्नुपर्ने बाध्यता बढ्दै गइरहेको छ। यस्ता विषयमा राजनीति गर्ने त चुपचाप नै छन्, साथसाथै श्रमिकका अधिकारका लागि गठित ट्रेड युनिय पनि सम्भव भएसम्म चुपचाप रहने गरेका छन्।

साथै, समाज त यो विषयमा स्तब्ध छ कि विचारमा नयाँपन दिन नसक्ने व्यक्ति, कुनै पनि कार्यक्रम र कार्ययोजना नभएको व्यक्तिले राजनीति गर्न किन लागिरहेका होलान् ? वा आममानिसले अत्यधिक विश्वास र भरोसा गरेका युवानेताहरू राजनीतिको नाममा विद्रुप चाकडी गर्दै सार्वजनिक भएका दृश्यले 'उसको पनि जनजीविकाको सवाल हो नि' भन्ने तहमा समाजमा बहस बढ्न थालेको छ, जसले गर्दा समाजका आइकन मानिससमेत जीविकाकै लागि सत्यलाई सत्य भन्न नसक्ने तर खराबलाई बढावा दिन बाध्य छन्। साथै, यसले आममानिस त कुनै न कुनै शक्तिको पछि लाग्ने पर्दोरहेछ भन्ने मानसिकतालाई बढवा दिइरहेको छ।

कोही किन अत्यधिक कम पारिश्रमिकमा काम गर्न बाध्य छ ? कोही किन जीवनभर राजनीतिको नाममा पदमा रहन आशक्त छ ? यो थप अध्ययनको विषय हो। तर, कसले अध्ययन गरिदिने ? आफ्नो फाइदा नहुने विषयमा किन गरिदिने ? जस्ता पक्ष अलमलमा नै छन्।

**जलवायु परिवर्तनले बढाइरहेको कठिनाइ**

जलवायु परिवर्तनले समयमा वर्षा नहुने र अन्नबाली थन्क्याउने बेलामा भएको वर्षाले कृषकमाथि पारिरहेको नकारात्मक प्रभाव यो वर्ष नेपालको अन्न भण्डार मानिने तराईले भोगिरहेको छ। त्योबाहेक सुक्दै गएका पानीका मुहान र बेमौसममा आउने बाढीपहिरोले निम्त्याउने समस्याहरूले त भनै हामी आक्रान्त नै छौं। उदाहरणका लागि दसैं र छटको बेलामा आएको बाढीपहिरो र त्यसले निम्त्याएका समस्यालाई लिन सकिन्छ। सरकारले तत्काल हिँडडुलमा रोक लगाए पनि लामो समयमा ती समस्यालाई कसरी सम्बोधन गर्दै समाधानमा लैजाने भन्ने विषयका छलफल तारे होटलबाट समाजको तहमा भरेर छलफल भएका छैनन् वा हुनुपर्ने भन्दा एकदमै कम भइरहेका छन्।

जलवायु परिवर्तनले मरुभूमिमा रुपान्तरण हुँदै गएको हिमाली क्षेत्र र त्यसले जलविद्युत् उत्पादनमा पार्ने प्रभावले भविष्यमा पर्यटन र ऊर्जा क्षेत्रमा पार्ने असरका सवालमा मानिसको चासो कम, तत्काल मन्त्रीमा को जाला भन्नेमा बढी भइरहेको छ।

**कृषिमा घट्दो उत्पादकत्व र बजारको सवाल**

अत्यधिक बसाइँसराइका कारण पहाडका गाउँहरू मात्रै खाली भएका छैनन्, त्यहाँका उत्पादनयोग्य भूमि जंगलमा परिणत हुँदै गइरहेका छन्। गाउँमा बसेर खेतीपाती गरिरहेका मानिसका उत्पादन जंगली जनवारले खाइदिने, हानि नोक्सानी गरिदिने कारणले धेरै मानिस खेतीपाती लगाउनभन्दा जमिन बाँभै राख्ने अवस्थामा पुगेका छन्।

नेपालका ग्रामीण भेगमा, विशेषगरी पहाडी क्षेत्रका चिया पसलमा दूध वा दूध हालेको चिया कम पाइन थालेको छ। पाइएको ठाउँमा पनि पाउडर दूधको चिया पाइन्छ। तर, दूध हालेको चिया नपाए पनि त्यहाँका पसलमा चाउचाउ, कोकाकोला र रक्सीका बोतलहरू सबै ठाउँमा सहज रूपमा पाउन सकिन्छ।

देख्दा सामान्य लाग्ने कुरा, हो कि होइन थाहा छैन। बिस्तारै नेपालभरि विविध प्रकारका कृषि फार्महरू खुलेका छन्, तर तिनले उत्पादन गर्ने कृषिउपजले बजार नपाउने समस्या बढ्दो छ। समस्या यतिसम्म बढिरहेको छ कि घरघरमा बनाएको गुन्द्रुक बेच्ने ठाउँ नभएर ग्रामीण भेगका मानिसले थन्क्याएर बस्नुपरेको छ भने काठमाडौंका मानिसहरूको भान्छामा चीनबाट आएको गुन्द्रुकले सहज पहुँच पाएको छ।

हामी बजारमा कतिसम्म निर्भर भएका छौं भने तिहारमा लगाउने फूल यसपटक अत्यधिक महँगोमा किन्नुपर्ने अवस्था आयो। साथसाथै नेपालका रैथाने बाली, सीप र उत्पादन हराउँदै गएका छन्, जसले बिस्तारै हाम्रा पहिचानहरूलाई नै ओभेलमा पार्दै गएका छन्।

**निराशा र कुलतको महामारी**

पढाइ सकेर पनि जागिर नपाउने र पाएको जागिरले घरपरिवार चलाउन नसक्ने अघिल्लो पुस्ताको समस्यालाई नजिकबाट देखेको नयाँ पुस्ताको निराशा चरम रूपमा छ। अहिले ३० जना १८ वर्ष कटेका विद्यार्थी पढ्ने कक्षामा कति जनाको भोटर लिस्टमा नाम छ भन्दा हात उठाउनेको संख्या १० जना पनि नकटे अचम्म मान्नु पर्दैन।

चुरोट कतिले तान्ने गरेका छौ ? भनेर सोध्दा २० जनाले हात उठाए पनि अचम्म मान्नु पर्दैन। कलेज पढ्ने उमेरका युवाका खल्तीमा गाँजा वा ट्याब्लेट भेटिनु सामान्य बन्दै गइरहेको छ। पढाइको वा भविष्यका लागि योजना, मिहिनेत र आशावादी हुने भन्दा निराशाका कुरामा धेरैलाई चासो बढ्दो छ।

उक्त कुलतका बारेमा केही जागरुक युवाहरू जानकार छन्। तिनीहरूमा पनि यसलाई समाधान गर्ने भन्ने विषयमा देखेर सुनेका पीडा पोख्नेभन्दा अगाडि बढ्न सकेका छैनन्। कुलत चुरोट, रक्सी, गाँजा र ट्याब्लेटमा मात्रै र युवामा मात्रै सीमित छैन। समाजका वयष्कहरू अत्यधिक सामाजिक सञ्जाल प्रयोगको कुलतले समाजलाई अनिश्चित बाटोमा लगिरहेको छ।

सामाजिक सञ्जालमा भ्युज आउने लोभमा मानिसहरू आफ्ना घरपरिवारका भगडा, गुनासा, समस्यालाई सामाजिक सञ्जालमा सार्वजनिक गरिरहेका छन्। मानिसहरूको भिडभाडमा रहने काठमाडौंका धेरै मानिसमा आफूले बाहेक अर्को व्यक्तिले राजनीति गर्न सक्दैन, जान्दैन भन्ने र माइक, कुर्सी र भिडको कुलत लागेको देख्न सकिन्छ। तर, यस्तो वातावरणबाट कसरी बाहिर निस्कने भन्नेमा कमैको ध्यान जाने गरेको छ। कमै सार्वजनिक बहस हुने गरेको छ।

**योगदानको बेवास्ता र हल्लाप्रतिको चासो**

पछिल्ला दुई महिनामा नेपालमा आफ्नो क्षेत्रमा योगदान गरेका र अन्तर्राष्ट्रियस्तरमा योगदान पुऱ्याइरहेका मानिसहरूलाई जति खुइल्याउने काम गरियो, सायदै इतिहासमा यस्तो कमै भएको थियो होला। उक्त कृत्यको मारमा सबैभन्दा बढी सीमान्तकृत समुदायबाट लड्दैलड्दै उठेका मानिसहरू नै बढी थिए, जसले नेपाली समाजको राष्ट्रियताको मुखुण्डोलाई अभै उदाङ्गो पारेको छ। निश्चित समुदाय र भूगोलबाहेकका मानिसहरूले जस्तोसुकै योगदान गरे पनि उनीहरू नेपाली नै होइनन् र नेपालको हितमा काम गर्दैनन् भन्ने भाष्य जबर्जस्ती निर्माण गरिएको छ।

आफ्नो नागरिकतादेखि कामको फेहरिस्तसम्मलाई पटकपटक पुष्टि गर्नुपर्ने बाध्यताले सीमान्तकृत समुदायप्रति निश्चित समुदायले आफूबाहेकको समुदायलाई अस्वीकार गर्छ भन्ने भाष्यलाई भनरु बल पुऱ्याएको छ। र, समुदाय–समुदायबीचमा अविश्वास–निषेधको बिउ रोपिएको छ। यसले भविष्यमा अभ विकराल द्वन्द्वतर्फ लग्दै छ। साथै, स्वतन्त्र रूपमा काम गरिरहेका मानिसलाई राजनीतिक दल, पार्टी वा समूहको भित्तामा आड लाग्न बाध्य बनाउँदै गएको छ। यस प्रकारको खाडललाई कसरी पुर्ने भनेर सवाल गर्ने मानिस समाजमा एक्लो बन्ने परिपाटी बन्दै गएको छ।

अन्त्यमा, यीबाहेक कैयौं समस्याहरू छन्, जसले भनभनरु समाजलाई असमानता र निराशातर्फ धकेलिरहेका छन्। अहिले समाजमा बढिरहेको जनजीविकाको सवाल, जलवायु परिवर्तनले ल्याउने समस्या, समाजमा पहिलादेखि नै रहेका विभेद र असमानताको खाडल राजनीतिले पुर्न सक्छ कि सक्दैन ?

मानिसहरूमा बढ्दो निराशालाई सम्बोधन गर्न नसक्दा कुलतमा लाग्दै गरेका युवालाई अब आउने वा पुराना दलले आशाको किरण देखाउन सक्छन् कि सक्दैनन् ? समुदाय–समुदायबीचको विभाजनलाई कसरी जोड्ने भन्ने विषयमा कुनै पनि दलको पहलकदमी अहिलेसम्म देखिएको छैन, न त प्राज्ञिक क्षेत्रबाटै पहल भएको छ, न त सार्वजनिक सञ्चारमाध्यममा नै यी विषयमा ध्यान जान सकेको छ। तर, यी सवालहरूमा ध्यान पुऱ्याउन दिनदिनै ढिलो हुँदै गएको छ।

शिलापत्रबाट

# मधेसमा उमेर नपुग्दै विवाह हुने चलन अझै विकराल





महोत्तरी, २८ कात्तिक। मधेसमा उमेर नपुगी विवाह हुने संख्या अझै विकराल अवस्थामा छ। बालविवाहविरुद्धको कानुन र यससँग जोडिएका अभियान सञ्चालनमा रहे पनि यो समस्या मधेसमा अझै रहेको तथ्याङ्कले देखाएको छ।

विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाडौँले प्रकाशित गरेको तथ्याङ्कमा मधेसमा अझै १० वर्ष नपुग्दै विवाह हुने पनि पाइएको उल्लेख छ। यद्यपि यस्तो संख्या शून्य दशमलव दुई (०.२) मात्र छ। त्यसैगरी १० देखि १४ वर्षभित्र विवाह हुने ९.३ र १५ देखि १७ वर्षभित्र विवाह हुने २७.७ प्रतिशत छन्। यसैगरी १८ देखि २० वर्षमुनिका ३९.५ प्रतिशत रहेका तथ्याङ्कमा उल्लेख छ। पछिल्लो १८ देखि २० वर्ष उमेर समूहभित्र पुरुषको उमेर सालाखाला २० वर्ष देखिए पनि महिला भने १७ को हाराहारी पाइएका छन्।

मधेसमा १८ वर्ष नपुग्दै विवाह गर्ने महिलाको संख्या ४२.४ प्रतिशत छ। यो संख्या महोत्तरीमा अझ बढी ४३.३ प्रतिशत रहेको बालविवाहविरुद्ध सामाजिक अभियानमा विभिन्न सामाजिक संघसंस्थासँग सहकार्य गर्दै आएको अन्तरराष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका सञ्चार अधिकृत झम्केश्वर ओझा बताउनुहुन्छ।

मधेसमा पहिलो विवाहको औसत उमेर १८ वर्ष देखिन्छ। जसमा पुरुषको २० वर्ष र महिलाको १७ वर्ष रहेको तथ्याङ्कमा उल्लेख छ। यी उमेर समूहभित्रको विवाहमा पुरुषभन्दा महिला बढी देखिएका छन्। यस्तै २१ देखि २४ वर्ष उमेरभित्र विवाह हुने मधेसमा १४.५ प्रतिशत छन्।

यद्यपि तथ्याङ्कमा उल्लेख यो अवस्थामा २०७८ सालको जनगणनायता निकै सुधार भएको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण बताउनुहुन्छ। "हामीकहाँ बालविवाह अझै सामाजिक समस्याको रूपमा छँदैछ, यद्यपि २०७८ यता यसमा निकै सुधार भएको छ", कर्ण भन्नुहुन्छ, "यसबीचमा बालविवाहविरुद्धका सामाजिक अभियानको निरन्तरताले अवस्थामा निकै सुधार आएको छ।" जिल्लाका १५ मध्ये सात स्थानीय तहले विभिन्न सामाजिक संघसंस्थासँगको साझेदारीमा बालविवाहविरुद्धको अभियानलाई निरन्तरता दिएपछि ती ठाउँमा निकै सुधार आएको कर्णको भनाइ छ।

त्यसैगरी, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले २०७८ सम्म विकराल सामाजिक समस्या रहेको बालविवाह अब आफ्नो नगर क्षेत्रमा करिब शून्यमा झारिएको बताउनुभयो। "हामीले त्यसयता बर्सेनि विवरण सङ्कलन, छोरी शिक्षा कार्यक्रम र किशोरी शिक्षासँगसँगै बालविवाहविरुद्ध बस्तीबस्तीमा अभियान टोली सञ्चालन गरेपछि यसको सकारात्मक परिणाम आएको छ", उहाँ भन्नुहुन्छ, "यो वर्ष बालविवाहका घटना देखिएका छैनन्।"

बालविवाहको अवस्था विकराल देखिएपछि मधेस प्रदेश सरकारले २०७८ सालमै सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षको रणनीतिक योजना अघि बढाएको छ। यसअघि प्रदेश बालअधिकार ऐन, २०७७, सारभूत लैङ्गिक समानता नीति, २०७८, बाल सहभागितासम्बन्धी कार्यविधि, २०७८, बालिका सशक्तीकरण तथा संरक्षण ऐन, २०८१ र सरकारको 'बेटी बचाउ, बेटी पढाउ' अभियानले पनि बालविवाहलाई दुरुत्साहन गर्दा पछिल्ला वर्षहरूमा उत्साहजनक सुधार हुँदै आएको जिल्ला समन्वय समितिका प्रमुख कर्णको भनाइ छ।

# चार महिना बित्दा पनि २५ वटा पालिकाले अझै बजेट ल्याउन सकेनन्




काठमाडौं, ३० कार्तिक। चालू आर्थिक वर्षको चार महिना बित्दा पनि २५ वटा पालिकाले अझै बजेट ल्याउन सकेका छैनन्। मुख्य समस्या मधेशमा छ। मधेश प्रदेशका २४ र लुम्बिनी प्रदेशको एक गरी २५ वटा पालिकाले अहिलेसम्म बजेट प्रस्तुत गर्न नसकेका हुन्। देशभरका सात सय ५३ मध्ये सात सय २९ वटा पालिकाले बजेट ल्याइसकेका छन्। चालू आर्थिक वर्षको पहिलो चौमासिक बित्दासम्ममा मधेश प्रदेशको एक सय १२ पालिकाले बजेट प्रस्तुत गरे। तर जनप्रतिनिधिबिचको आपसी विवाद, योजना छनोटमा असंतुष्टीलगायतका कारण मधेशका २४ वटा पालिकाले प्रस्तुत गर्न नसकेका हुन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, मधेश प्रदेशका महोत्तरी, सप्तरी, सिराहा, धनुषा, रौतहट, बारा र पर्साका नगरपालिका र गाउँपालिका गरी २४ पालिकाले चालू आर्थिक वर्षको बजेट प्रस्तुत गर्न सकेका छैनन्। साथै लुम्बिनी प्रदेशको शुद्धोधन गाउँपालिकाले पनि अहिलेसम्म चालू आर्थिक वर्षको बजेट प्रस्तुत नगरेको विवरण छ। संवैधानिक व्यवस्थाअनुसार हरेक वर्षको जेठ १५ गते संघीय सरकारले, असार १ गते प्रदेश सरकारले र असार १० गते पालिकाले बजेट प्रस्तुत गर्नुपर्छ। पालिकाले आ–आफ्नो सभामा पेश गरेको बजेट असार मसान्तभित्र पारित गरिसक्नुपर्छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, सप्तरीको राजविराज नगरपालिका, अग्नीसाइर कृष्णासवरण गाउँपालिका, बलान बिहुन गाउँपालिका, कल्याणपुर नगरपालिकाले बजेट प्रस्तुत गरेका छैनन्। यस्तै, सिराहाको धनगढीमाई

–बाँकी अन्तिम पेजमा

### *कमला पुल...*

लुम्बिनी जे.भी.ले बनाइरहेको छ। ४६९.२ मिटर लम्बाइ र १२ स्पान भएको पुल निर्माण ३० मंसिर २०७१ भित्रै सकिनुपर्ने थियो। २४ करोड ९० लाख ९७ हजार २०० रुपैयाँ (भ्याटसहित) मा सम्झौता भएको पुलमा हालसम्म २० करोड ४२ लाख ५२ हजार ४७ रुपैयाँ भुक्तानी भइसकेको हुलाक सडक निर्देशनालयले जनाएको छ।

बढीले पुलको पूर्वतिरबाट पहिलो र दोस्रो पिलर भासिएको थियो। यस्तै पहिलो, दोस्रो, दशौं र एघारौं स्ल्याब क्षति भएको छ। पुल निर्माणको समयसीमा पछिल्लो समय थप गरी ३० असार २०८३ सम्म पुर्याइएको छ। हुलाकी सडक निर्देशनालयका निर्देशक कष्णकुमार महतोका अनुसार कम्पनीले टुटेको र भासिएको ठाउँमा पुनर्निर्माण गरिहेको छ। सञ्चालनमा आइसकेको पाँच वर्षसम्म कुनै क्षति भएको खण्डमा बनाउनुपर्ने दायित्व कम्पनीलाई नै रहेको सम्झौतमा उल्लेख छ।

बीमा संस्थासँगको विवाद देखाएर क्षतिपूर्ति वापतको रकम प्राप्त नभएसम्म निर्माण कार्यलाई गति दिन नसक्ने निर्माण कम्पनीले बताइरहेको छ। त्यसकारण समयमा पुनर्निर्माण गर्नु चुनौती रहेको निर्देशनालयले जनाएको छ। स्थानीयले यो पुल काम नलाग्ने अवस्थामा रहेकाले अर्को नयाँ पुल निर्माण गर्नुपर्ने माग गरिरहेका छन्।

**गम्भीर त्रुटिको कारण भासियो कमला पुल**

निर्माणमै गम्भीर लापरबाही भएका कारण कमला पुल भासिएको देखिएको छ। पुल भासिनुमा डिजाइन र कन्ट्रक्सन फल्ट प्रमुख कारण रहेको देखिन्छ। हुलाकी राजमार्गमै पर्ने सिरहा र सप्तरी जोड्ने बलान खोला पुलको डीपीआर नक्कल गरी कमला पुल निर्माणमा प्रयोग गरिएको अख्तियार दुरुपयोग अनुसन्धानले पत्ता लगाएको छ। कमला पुल निर्माणको माटो परीक्षणअनुसार ३० मिटर पाइलिङ गर्नुपर्ने थियो। तर बलान पुलकै डिजाइनमा १४.५ मिटर मात्रै पाइलिङ स्वीकृत भयो। तर त्यसमा पनि कम गरेर ठेकेदारले ८ मिटर गहिरो मात्र पिलरहरू गाडेको अनुसन्धान र परीक्षणबाट देखिएको अख्तियारको निष्कर्ष छ।

अर्कै पुलको लागि गरेको डीपीआर नक्कल गरी बनाएकोले कामै नलाग्ने गरी पुल भासिएको उजुरी तीन वर्षअघि अख्तियारमा परेको थियो। भू–प्राविधिक प्रतिवेदनले पुल क्षेत्रमा १० मिटर कटान गहिराइ रहने देखाएकाले पाइल फाउन्डेसन कम्तीमा २० मिटर हुनुपर्छ भनेर स्पष्ट सिफारिस गरिसकेको थियो। अख्तियारले पप्पु–लुम्बिनी जेभीले पुनर्स्थापनाका लागि पेस गरेको संशोधित डिजाइन, नक्सा र प्रतिवेदनको समेत अध्ययन गरेको थियो। उक्त अध्ययनमा सुरुमा पेस गरिएको भू–स्तर विवरण र पछि पेस गरिएको विवरण मेल नखाने, फरक–फरक माटोका तह देखाइएको, जसका कारण जगको डिजाइन नै फरक पर्ने अवस्था बनेको पाइएको छ।

संशोधित डिजाइन अनुसार फाउन्डेसनमा भएका पाइलहरूको लम्बाइ पहिलेको भन्दा १५.५ मिटरले बढी देखिएको छ। यसले प्रारम्भिक डिजाइन गलत भएको मात्र होइन, त्यसै अनुसार निर्माण गरिएको पुलको सम्पूर्ण संरचना नै गम्भीर जोखिममा रहेको आयोगको निष्कर्ष छ। अख्तियारले विस्तृत अनुसन्धान गरी मिसिल थन्क्याएको छ। तर अहिलेसम्म अभियोजन भने गरेको छैन। पुल नबन्दा सिरहा, धनुषा, सप्तरी, महोत्तरीको लाखौं नागरिक सास्ती भोग्न बाध्य छन्। तर न सम्बन्धित निकायले समयमा पुल बनाएको छ, न ठेकेदारलाई कारबाही नै गरेको छ।

सरकारले अर्को नयाँ पुल बनाउन पनि कुनै चासो देखाएको छैन। अख्तियारले नै मुद्दा अभियोजन गरी दोषी उपर कारबाही प्रक्रिया अगाडि बढाउन पनि सकेको छैन। अख्तियारका एक अधिकारी भन्छन्, 'विस्तृत अनुसन्धान गर्दासम्म पुल निर्माणमा चरम लापरबाही देखिएको तथ्य र निष्कर्ष छ। यो ठूलो अपराध हो। तर किन मुद्दा पेन्डिङ परेको हो भन्न सकिँदैन।'

# जनकपुरधामको विशहारा पोखरीको सरसफाइमा जुटे स्थानीयवासी



**धर्वेन्द्र झा**

जनकपुरधाम, ३० कार्तिक। जनकपुरधाममा दर्जनौ ऐतिहासिक पोखरीहरू सरसफाइ र संरक्षणको अभावमा प्रयोगविहिन बनिरहँदा स्थानीय बासिन्दाले जनकपुरधाम वडा ४ स्थित रहेको धार्मिक तथा एतिहासिक महत्त्व बोकेको विशहरा पोखरीको सरसफाइमा जुटेका छन्। २०६३ सालमा स्थापना भएको विशहारा संरक्षण समिति नामको संस्थाको अगुवाेइमा स्थानीय टोलवासीले सो पोखरीको सरसफाइ गरी पर्यटकीय क्षेत्र निमार्णका लागि जुटेको समितिका अध्यक्ष विजय झाले जानकारी दिनुभयो। उहाँले धार्मिक दृष्टिकोणले पवित्र र ऐतिहासिक पोखरी रहेको विशहारा पोखरी सरसफाई र संरक्षणको अभावमा दिनानु दिन मासिँदै गएपछि त्यहाँ पोखरीको सरसफाइ र संरक्षण गरी पार्क निमार्ण गर्ने योजना स्थानीय बासिन्दाले बनाएको बताउनुभयो।

समितिका सदस्य भोगेन्द्र कर्णका अनुसार पोखरीको सरसफाइका लागि स्थानीय बासिन्दाले प्रत्येक दिन श्रमदान गरी बिहानको दुई घण्टाको समय पोखरीको सरसफाइमा दिने गरेका छन्। सुन्दर, सफा विशहरा टोल हामीहरूको एउटै गोलका साथ स्थानीय बासिन्दाले सञ्चालन गरेको सरसफाइ कार्यक्रमले टोलका साथ साथै पोखरीको सफाइको काम त्रिव गतिमा अगाडि बढेको अध्यक्ष झाले बताउनुभयो। उहाँले स्थानीय बासिन्दाको सहयोगमा पोखरीको सरसफाइ देखि विशहारा मन्दिरको जिर्णोद्धार,पोखरीमा घाट निमार्ण ,लाइटिङ जडान ,पार्क निमार्ण लगायतका विषयमा कार्ययोजना बनाएर समितिले अगाडि बढेको बताउ भयो। अध्यक्ष झाले यसका लागि स्थानीय बासिन्दाको साथसाथै तीन तहकै सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो।

उहाँले सरसफाइको अभावमा जनकपुरधामप्रति आम नागरिकको धारना राम्रो नरहेको समयमा यस प्रकारको कार्यले अरूलाई पनि प्रेरित गर्ने भएकोले स्थानीय सरकारलाई सहयोगका लागि आग्रह गरिएको बताउनुभयो। उहाँले विशहारा पोखरीको सौन्दर्यीकरणका लागि जनकपुरधामका नगर प्रमुख मनोज साह आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनु भएको भन्दै यस प्रकारको काममा सबैको सहयोग आवश्यक भएको बताउनुभयो।

# खानेपानी तथा सरसफाइ डिभिजनका प्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, ३० कार्तिक। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बारास्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन नम्बर ४ कलैयाका तत्कालीन निमित्त डिभिजन प्रमुख किशोरी प्रसाद यादवसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीहरूविरुद्ध जनहरी ३ लाख १६ हजार ५७० बिगो मागदाबीसहित विशेष अदालत, काठमाडौँमा आयोले भ्रष्टाचार मुद्दा दायर गरेको हो। बोलपत्रको सूचना सार्वजनिक नगरी मिलेमतोमा ठेक्का लगाई अनियमितता गरेको आरोपमा उनीहरूविरुद्ध आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

आयोगले जारी गरेको प्रेस विज्ञप्तिअनुसार आर्थिक वर्ष २०७९/०८० मा बारा जिल्ला अन्तर्गत विभिन्न निर्माण कार्यका लागि २३ वटा बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरी भ्रष्टाचार भएको पाइएको हो। निमित्त डिभिजन प्रमुख यादव र लेखापाल प्रदिप दासले सान्दर्भिक मिडिया नेटवर्क प्रालिका प्रबन्धक निसान्त सिग्देल र प्रभाव दैनिकका बजार प्रबन्धक सन्तोषराज खरेलसँग मिलेमतोमा सूचना लुकाइ छिपाइ, सार्वजनिक नगरीकनै ठेक्काको अभिलेखमा राख्नका लागि प्रभाव दैनिक पत्रिकाको एक प्रति मात्र प्रकाशित गरेको आयोगको आरोप छ।

उक्त कार्यबाट आफूहरूलाई गैरकानूनी लाभ तथा कार्यालयलाई हानि पुऱ्याउने बदनियत देखिएको आयोगको भनाइ छ। झुट्टा बिल भर्पाइका आधारमा सान्दर्भिक मिडिया नेटवर्क प्रालिलाई ३,१६,५७० भुक्तानी भएको र उक्त रकममध्ये ५० हजार रुपैयाँ प्रभाव दैनिक प्रालिका बजार प्रबन्धक खरेलले लिएको अनुसन्धानबाट खुलेको छ प्रेस काउन्सिल नेपाल र प्रभाव पब्लिकेसन प्रालिको पत्रले २०७९ फागुन २१ गतेको प्रभाव दैनिकको कुनै पनि पृष्ठमा उक्त बोलपत्रको सूचना प्रकाशित नभएको पुष्टि भएको छ। यो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कसुर भएकोले प्रतिवादीहरूलाई कैद, बिगो बमोजिम जरिवाना र बिगो असुलउपर गर्न मागदाबी गरिएको आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए।

# मधेस प्रदेशमा पनि ७ दलको धर्ना



काठमाडौँ, ३० कार्तिक। मधेस प्रदेशमा ७ राजनीतिक दलले आज पनि धर्ना जारी राखेका छन्। उनीहरूले मुख्यमन्त्रीको बर्खास्तीको मागसहित मधेस भवन अगाडि धर्ना दिई विरोध कार्यक्रमलाई निरन्तरता दिएका हुन्। उनीहरू राष्ट्रिय झन्डासहित धर्नामा बसेका हुन्। आज सर्वोच्च अदालतमा मुख्यमन्त्री नियुक्तिविरुद्ध परेको रिटमाथि सुनुवाइ समेत हुँदैछ। माओवादी केन्द्रका प्रदेशसभा सदस्य भरत साहले आन्दोलन तत्कालीन प्रदेश प्रमुखको असंवैधानिक कदमविरुद्ध रहेको बताए। उनले भने, 'मुख्यमन्त्री नियुक्तिसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले आज फैसला गर्ने अपेक्षा छ, सो फैसला मधेसी जनताको पक्षमा आउँछ भन्ने विश्वास छ।'

सर्वोच्च अदालतको निर्णयलाई आफूहरूले सम्मान गर्ने बताउँदै उनले ७ दलीय गठबन्धनले अगामी आन्दोलनका स्वरूपबारे छलफल गरिरहेको जानकारी दिए। ७ दलीय गठबन्धनमा नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा ( माओवादी केन्द्र), लोसपा नेपाल, नेकपा (एस), र नागरिक उन्मुक्ति पार्टी समावेश छन्।

## चार महिना...

नगरपालिका, सुखीपुर नगरपालिका, धनुषाको क्षिरेश्वर नगरपालिका, नगराइन नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दिनी गाउँपालिकाले पनि बजेट प्रस्तुत गर्न सकेका छैनन्।

त्यस्तै, धनुषाको धनौजी गाउँपालिका, महोत्तरीको सोनमा गाउँपालिका, मलङ्वा नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका र चन्द्रनगर गाउँपालिका तथा रामनगर गाउँपालिका, रौतहटको कटहरिया नगरपालिका, देवाही गोनाही नगरपालिका, फतुवा विजयपुर नगरपालिका, यमुनामाइ गाउँपालिका, बाराको महागढीमाई नगरपालिका, विश्रामपुर गाउँपालिका र पर्साको पकाहा मैनपुर गाउँपालिकाले पनि बजेट प्रस्तुत नगरेको पाइएको छ। त्यस्तै, लुम्बिनी प्रदेशको शुद्धोधन गाउँपालिकाले पनि अहिलेसम्म चालू आर्थिक वर्षको पहिलो चौमासिक बजेट प्रस्तुत गर्न सकेको छैन।

# करदाता सेवा कार्यालय खारेजीविरुद्ध प्रशासन कार्यालयअगाडि धर्ना

**यसअघि गजेन्द्रनारायण सिंह चोकमा प्रदर्शन, चक्काजाम र बजार बन्दसमेत गरेका उद्योगी–व्यवसायीले कार्तिक २२ देखि २७ गतेसम्म सोही चोकमा धर्ना बसेर हस्ताक्षर संकलन गरेका थिए।**

**विधानन्द राम**



राजविराज, ३० कार्तिक। करदाता सेवा कार्यालय खारेजीको निर्णयविरुद्ध आन्दोलित उद्योगी–व्यवसायीले आइतबार जिल्ला प्रशासन कार्यालय सप्तरीअगाडि धर्ना दिएका छन्। करदाता सेवा कार्यालय खारेज गर्ने सरकारले निर्णय गरेपछि सप्तरी उद्योग वाणिज्य संघको नेतृत्वमा उनीहरू कार्तिक २० गतेदेखि आन्दोलित भएका हुन्।

निर्धारित कार्यक्रमअनुसार उद्योगी–व्यवसायीले आइतबार एक घण्टा जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना दिएका हुन्। अझै सरकारले गम्भीरता नदेखाए थप सशक्त आन्दोलन गर्ने संघका महासचिव अमृत संचेतीले बताए। 'आन्दोलनका थप कार्यक्रम छलफलपछि तय गरिने छ', उनले भने।

यसअघि गजेन्द्रनारायण सिंह चोकमा प्रदर्शन, चक्काजाम र बजार बन्दसमेत गरेका उद्योगी–व्यवसायीले कार्तिक २२ देखि २७ गतेसम्म सोही चोकमा धर्ना बसेर हस्ताक्षर संकलन गरेका थिए। कार्तिक २७ गते दिउँसो सो हस्ताक्षर गरिएको तुल बोकेर मौन जुलुससहित प्रमुख जिल्ला अधिकारीमार्फत अर्थमन्त्रीलाई बुझाएपछि २८ गतेदेखि कारोबारस्थलमा कालो झण्डा र कालोपट्टी बाँधेर विरोध जनाउँदै आएका छन्।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)